# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०९।०२ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्र, बाराका इलेक्ट्रिकल हेल्पर (तह २) राजदेव महतो कोइरीले नयाँ विद्युत मिटर जडान गर्नको लागि सिफारिस गरी दिने भनी सेवाग्राहीसँग घुस रकम माग गरेको भन्ने सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिई गएको टोलीले निज राजदेव महतो कोइरीलाई रु.९,०००।–(नौ हजार) घुस/रिसवत वापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्र, बाराका इलेक्ट्रिकल हेल्पर (तह२) राजदेव महतो कोइरीले सेवाग्राहीसँग नयाँ मिटर जडान गर्ने प्रयोजनको लागि रु. ९,०००।— घुस/रिसवत लिएको तथ्य पुष्टि हुन आएकोमा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको भ्रष्टाचारजन्य कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी राजदेव महतो कोइरीलाई बिगो रु. ९,०००।— (नौ हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला